बैठक संख्याः ६१ मितिः २०८३।०१।०४ समयः बिहान ११:०० बजे

आज मिति २०८३।०१।०४ गते गुराँस गाउँपालिका दैलेखको ६१ औं कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री टोप बहादुर वि.सी. ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा वसी देहायका प्रस्तावहरु माथि निर्णय गरियो।

तपसिलः

| | |
|---|---|
| श्री टोप बहादुर वि.सी. | – गाउँपालिपालिका अध्यक्ष |
| श्री शिवा कुमारी खड्का | – गाउँपालिपालिका उपाध्यक्ष |
| श्री धर्म बहादुर रावल | – वडा अध्यक्ष वडा नं. १ |
| श्री शेर बहादुर रावल | – वडा अध्यक्ष वडा नं. २ |
| श्री काँशीराम शर्मा | – वडा अध्यक्ष वडा नं. ३ |
| श्री खड्क बहादुर शाही | – वडा अध्यक्ष वडा नं. ४ |
| श्री भुपेन्द्र बहादुर चन्द | – वडा अध्यक्ष वडा नं. ५ |
| श्री चन्द्र बहादुर राना | – वडा अध्यक्ष वडा नं. ६ |
| श्री नन्द बहादुर वि.सी. | – वडा अध्यक्ष वडा नं. ७ |
| श्री दिपेन्द्र वली | – वडा अध्यक्ष वडा नं. ८ |
| श्री अमृता कुमारी वि.सी. | – कार्यपालिका सदस्य |
| श्री विर्मा वि.क. | – कार्यपालिका सदस्य |
| श्री पम्फि वि.क. | – कार्यपालिका सदस्य |
| श्री भुमीसरा वली | – कार्यपालिका सदस्य |
| श्री कुलविर वि.क. | – कार्यपालिका सदस्य |
| श्री सम्झना कुमारी वुढा | – कार्यपालिका सदस्य |
| श्री डिनायट घर्ती | – प्रमुख प्रशासकीय अधिकृत |

आमन्त्रित कर्मचारी

| | | |
|---|---|---|
| १. | मदन प्रकाश मल्ल | शाखा अधिकृत |
| २. | खेमराज उपाध्याय | वरिष्ठ प्रशासन सहायक |
| ३. | बाल कुमारी वि.सि. | कार्यालय सहयोगी |

CamScanner

**प्रस्तावहरु:**

१. नयाँ वर्षको शुभकामना तथा आगामी आ.व. २०८३।०८४ को बजेट नीति तथा कार्यक्रम सम्बन्धमा।

२. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा।

३. LISP को टेन्डरबाट बाँकी रहेको रकम कार्यान्वयन सम्वन्धमा।

४. रिचार्ज पोखरी निर्माणको क्षेत्र तोक्ने सम्वन्धमा।

५. रोजगार आयोजना सञ्चालनको लागि साझेदारी तथा योजना छनौंट सम्वन्धमा।

६. कार्यविधि स्वीकृत सम्वन्धमा।

७. गाउँ शिक्षा समितिको निर्णय अनुमोदन सम्वन्धमा

८. राउटे समुदायको नागरिकता तथा सामाजिक सुरक्षा सम्वन्धमा।

९. आर्थिक सहायता सम्वन्धमा।

१०. विविध।

क) राजस्व संकलन सम्बन्धमा।

ख) नेपाल पर्यटन वोर्डको साझेदारी पर्यटन पुर्वाधार विकास कार्यक्रम कार्यान्वयन सम्वन्धमा

ग) वजेट शिर्षक सुनिश्चितता सम्वन्धमा।

घ) गोरखा वयलफेयर र नेपाल रेडक्रस संगको साझेदारी शिविर संचालन सम्वन्धमा।

ङ) करारमा कर्मचारी नियुक्त गर्ने सम्वन्धमा।

च) कार्यालयको मुद्दा सम्बन्धमा अख्तियारी प्रदान गर्ने सम्वन्धमा।

**निर्णयहरु:**

**निर्णय नं. १**

नयाँ वर्ष २०८३ को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली, गुराँसवाँसी आमा वुवा, दाजु भाई तथा दिदि वहिनिहरुमा उत्तरोत्तर प्रगती, सुस्वास्थ्य एवम् दीर्घायूको कामना सहित नयाँ वर्षको हार्दिक शुभकामना व्यक्त गर्दै आगामी आ.व. २०८३।०८४ मा सञ्चालन हुने लागि वार्षिक बजेट, नीति, कार्यक्रम तथा योजनाका सम्बन्धमा सुझाव संकलन कार्यक्रम वैशाख/जेठ महिना भित्र आयोजना गर्ने।

निर्णय नं. २

अघिल्लो बैठकका निर्णयहरु मध्ये अधिकांश निर्णयहरु कार्यान्वयन भएको र कार्यान्वयन हुन बाँकी निर्णयहरु आवश्यक समन्वय गरी यथाशिघ्र कार्यान्वयन गर्ने साथै बाँकी योजनाको कार्यान्वयन समयमै सम्पन्न गर्ने।

निर्णय नं. ३

चालु आ.व. २०८२।०८३ मा **LISP** परियोजना संचालनका लागि टेन्डर प्रक्रियाबाट कार्य गर्दा बचत भएको रकमबाट तपसिलका योजनाहरुमा रकम विनियोजन गरी सञ्चालन तथा कार्यान्वयन गर्ने।

तपसिल

| क्र.स. | योजनाको नाम | योजना संचालन क्षेत्र | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | धरमपोखरा- मुकुटक- काफलमेला सडक पुनर्उत्थान तथा मर्मत | वडा नं. ८ | ३४ लाख | |
| २ | भ्यूचुला-बगौरा सडक पुनर्उत्थान तथा मर्मत | वडा नं. ६ | ४० लाख | |

निर्णय नं. ४

आ.व. २०८२।०८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत कर्णाली प्रदेश शसर्त अनुदान अन्तर्गत ***गाउँपालिका भित्र सुख्खा क्षेत्रमा रिचार्ज पोखरी निर्माण*** को लागि रु १५ लाख रहेको हुँदा गाउँपालिकाको कुन क्षेत्रमा रिचार्ज पोखरी निर्माण गर्ने भन्ने सम्बन्धमा द्धुविदा भई कार्यान्वयनमा समस्या रहेको हुँदा उक्त बजेटबाट देहाय बमोजिम प्रत्येक क्षेत्र तथा शिर्षकमा रु १,५०,०००। का दरले विनियोजन गरी कार्यान्वयन गर्ने।

देहाय

| क्र.सं. | निर्माण क्षेत्र | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | वेडुगाउँ | वडा नं. १ | |
| २ | थामालेख | वडा नं. १ | |
| ३ | जार्फखाल | वडा नं. ३ | |
| ४ | जिम्दारे टोल | वडा नं. ४ | |
| ५ | दोबाटो | वडा नं. ४ | |
| ६ | पाड्ग्रे गैरा | वडा नं. ५ | |
| ७ | ठूलापोखरी पार्क | वडा नं. ५ | |
| ८ | गुराँसे डाँडा | वडा नं. ५ | |

| | | | |
|---|---|---|---|
| ९ | काडामखें | वडा नं. ७ | |
| १० | गुरौंस पार्क | वडा नं. ८ | |

**निर्णय नं. ५**

यस पालिकाको आ.व. २०८२।०८३ को बजेट तथा कार्यक्रममा रोजगार आयोजना सञ्चालनको लागि नेपाल सरकार शसर्त अनुदान तर्फ रु ३५ लाख ७२ हजार बजेट विनियोजन प्राप्त भएको *(क्रियाकलाप कार्यान्वयनको लागि स्थानीय तहले कम्तीमा शतप्रतिशत रकम साझेदारी गर्नुपर्नेछ)* हुँदा उक्त रकममा यस पालिकाबाट रु १३ लाख ४३ हजार साझेदारी रकम विनियोजन भएको हुँदा शतप्रतिशत साझेदारीको लागि अपुग रकम रु २२ लाख ७२ हजार उपयुक्त शिर्षकबाट साझेदारी गर्ने गरी स्रोत सुनिश्चितता गरी देहाय बमोजिम योजनामा कुल साझेदारी रकम ७१ लाख ४४ हजार मध्यको रकम विनियोजन तथा बाँडफाँड गरी कार्यान्वयन गर्ने।

<u>देहाय</u>

| क्र.सं. | योजनाको नाम | वडा नं. | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | भगवती मावि सेप्टी वडा कार्यालय सडक स्तरोन्नती | वडा नं. १ | १० लाख | |
| २ | तल्लो डुङ्गेश्वर भित्रि बजार बाटो स्तरोन्नती | वडा नं. २ | १० लाख | |
| ३ | ढोग गर्ने ढुंगा, शेरीवाडा, देउतीथान सडक स्तरोन्नती | वडा नं. ३ | ४ लाख | |
| ४ | दोवाटा शान्ती मावि शेरी बाटो स्तरोन्नती | वडा नं. ४ | १० लाख | |
| ५ | शान्तिवजार घर्तीटोल सडक स्तरोन्नती | वडा नं. ५ | १० लाख | |
| ६ | उगाडा ओखेनी जोड्ने गोरेटो बाटो | वडा नं. ७ | ७ लाख | |

**निर्णय नं. ६**

गाउँपालिका भित्र शिक्षा क्षेत्रको समग्र विकास व्यवस्थापन लगाएत शैक्षिक क्षेत्रमा रुपान्तरण गर्नको लागि सामुदायिक विद्यालयहरुको शिक्षक, कर्मचारी दरवन्दी मिलान, विद्यालय समायोजन तथा तह घटाउने, थप्ने र प्रधानाध्यापक व्यस्थापन कार्यविधि २०८३ लाई स्वीकृत गर्ने।

गाउँ कार्यपालिकाको निर्णय प्रमाणित

निर्णय नं. ७

गुराँस गाउँपालिका दैलेखको गुराँस गाउँ शिक्षा समितिको मिति २०८२ चैत्र २६ गतेको बैठकको निर्णय अनुमोदन गरी, सुझाव तथा सिफारिस बमोजिम विद्यालय मर्ज, तह मिलान तथा विद्यार्थी अनुपात अनुसार शिक्षक दरवन्दी मिलान गर्ने।

निर्णय नं. ८

गुराँस गाउँपालिकाका वडा नं. ८ को नागरिकका रुपमा रहदै आएका लोपोउन्मूख राउटे समुदायका नागरिकहरुलाई नेपाली नागरिकताको प्रमाणपत्र उपलब्ध गराई बैक खाता मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्न जिल्ला प्रशासन कार्यालय दैलेख तथा अन्य सम्वन्ध पक्षसँग समन्वय गर्ने।

निर्णय नं. ९

यस कार्यालयमा विभिन्न मितिमा आर्थिक सहायता पाउँ भनी पेश गरेका निवेदनका सम्बन्धमा तपसिल व्यक्तिहरुलाई निज, निजको गम्भिर समस्या तथा अवस्थालाई ध्यान दिई देहाय बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने।

तपसिल

| क्र.सं. | व्यक्तिको नाम थर | ठेगाना-गुराँस गापा | समस्या | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | पूर्ण वली | गुराँस ८ | सवारी दुर्घटना | २० हजार | |
| २ | टेक बहादुर विक | गुराँस ३ | छोरा आर्यन विकको मृगौलामा मासु पलाएको | १० हजार | |

निर्णय नं. १० विविध

(क) गाउँकार्यपालिकाको मिति २०८२।११।१२ गतेको ५९ औं कार्यपालिका बैठकको निर्णयानुसार चालु आ.व. २०८२।८३ मा नदिजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवाहरुको यस आ.व.मा उत्खनन् तथा विक्री वितरणको लागि वडा नं. ३ कार्यालयमा कार्यरत कर्मचारी बखत खत्रीलाई परिचालन गर्ने, सहजता तथा आवश्यकता अनुसार गाउँपालिकाको राजस्व शाखाबाट समेत ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन् तथा बिक्री वितरण गर्ने भनी निर्णय भएकोमा राजस्व संकलनलाई सहज, व्यवस्थित बनाउन तथा चुहावट नियन्त्रण गरी स्थानीय पूर्वाधार विकास निर्माण लगाएतका कार्यका लागि आवश्यकता अनुसार नियमानुसार राजस्व संकलन गर्ने गरी वडा कार्यालयलाई समेत जिम्मा दिने।

गाउँ कार्यपालिकाको निर्णय प्रमाणित
२०८३।१।०४
२०८३।१।२४

CamScanner

(ख) नेपाल पर्यटन वोर्ड र गुराँस गाउँपालिका विच साझेदारीमा संचालन गरिने पर्यटन पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन सम्बन्धमा गुराँस गाउँपालिकावाट साझेदार हुने रकम रु १,२५,०००। उपयुक्त शिर्षकवाट व्यवस्थापन गरी कार्यक्रम कार्यान्वयन गर्ने।

(ग) यस कार्यालय र वडा नं. ६ को *साना सडक पहुँच तथा निर्माण* कार्य निर्माण उपभोक्ता समिति विच मिति २०८२।११।११ मा भएको सम्झौता बमोजिम कार्य गर्नको लागि रु ३ लाख बजेट अपुग भएको हुँदा उक्त अपुग रकम बजेट शिर्षक *हामी बनाउँछौं हाम्रो सडक पहुँच विस्तार कार्यक्रम* बाट भुक्तानी हुने गरी स्रोत सुनिश्चितता गर्ने।

(घ) गुराँस गाउँपालिका दैलेख र गोर्खा वयलफेयर संस्था विचको साझेदारीमा शारीरिक अपांगता जाँच र व्यवस्थापन सम्बन्धी शिविर ८ वटा वडालाई समेट्ने गरी समुदाय स्तरीय स्वास्थ्य शिविर तथा गुराँस गाउँपालिका र नेपाल रेडक्रस सोसाईटी विचको साझेदारीमा जेष्ठ नागरिक आँखा जाँच उपचार शिविर संचालन गर्ने।

(ङ) कार्यालयको समग्र रेखदेख, सुरक्षा, सवारी व्यवस्थापन तथा सरसफाईका लागि कार्यालयलाई देहाय बमोजिम कर्मचारी आवश्यक रहेको देखिएको हुँदा करारमा कर्मचारी नियुक्ति प्रक्रिया अगाडी वढाउने।

१. हलुका सवारी चालक – १ जना
२. कार्यालय सहयोगी – १ जना
३. सुरक्षा गार्ड – १ जना
४. माली – १ जना

(च) दैलेख जिल्ला नारायण नगरपालिका वडा नं. २ स्थित जयदुर्गा एस.एस. कन्स्ट्रक्सन फर्मका प्रोपाईटर हाल ऐ.ऐ. बस्ने श्री कल्पना गौतम वादी र गुराँस गाउँपालिका, रानीमत्ता दैलेख, ऐ.ऐ. अन्तर्गतको कार्यपालिकाको कार्यालयलाई प्रतिवादी बनाई दायर गरिएको मुद्दा नं. ०८२-WO-००४४ को सम्बन्ध लगाएतका गाउँपालिकाको कार्यालयलाई प्रतिवादी बनाई जाहेर गरिएको अन्य मुद्दाहरु समेतको सम्बन्धमा गाउँपालिकाको तर्फबाट काम कारवाही गर्ने/वारेसनामा समेत प्रदान गर्ने गरी प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गर्ने।

गाउँ कार्यपालिकाको
निर्णय प्रमाणित
२०८३/०१/०४

प्रमुख प्रशासकीय अधिकृत